

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रक्षित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत २५ गते आइतबार ❑ 7 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## ‘नयाँ सत्ता समीकरणले सकारात्मक सन्देश दिएको छ’

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव पृथ्वीसुब्बा गुरुङले दक्षिणपन्थी गठबन्धन भत्काएर बनेको नयाँ सत्ता समीकरण बनेपछि जनतामा सकारात्मक सन्देश पुगेको बताउनुभएको छ ।



प्रगतिशील तथा पेशागत कानुन व्यवसायी सङ्गठन (पीपीएलए) कास्कीको वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनको शनिबार पोखरामा उद्घाटन गर्दै उहाँले नयाँ समीकरण पूरा समय टिकाएर नेपाली जनतालाई समृद्धि र सुशासनमा प्राथमिकता दिने विश्वास व्यक्त गर्नुभयो । आगामी नर्वाचनमा एमालेलाई मुलुकको पहिलो र निर्णायक शक्ति बनाउने दाबी उहाँले गर्नुभयो । एमाले पार्टीभित्र दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकता बढेकाले पार्टीको आन्तरिक जीवन व्यवस्थापन गर्न कठिन भएको बताउनुभयो। पार्टीका हरेक कमिटीलाई अनुशासनमा राख्दै युवा पुस्तालाई पार्टी एमालेप्रति आकर्षण गर्ने कार्यक्रम अगाडि सार्नुपर्नेमा उहाँले बताउनुभयो ।

एमालेका केन्द्रीय कमिटीका सदस्य तथा पीपीएलएका इन्चार्ज रमेश वडालले सङ्गठनको मुख्य काम नेपाल बार एशोसियशनको निर्वाचन सफल बनाउने बताउनुभयो । एमाले जिल्ला कमिटी कास्कीका अध्यक्ष वैनबहादुर अधिकारी क्षेत्रीले सङ्गठनले पार्टीका लागि कानुनी सल्लाहकारको रुपमा काम गरेको बताउनुभयो । साथै अधिवेशनले अध्यक्ष मदनप्रसाद तिवारीको नेतृत्वमा १५ सदस्यीय कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्ष विष्णुप्रसाद अधिकारी, खुला सचिवमा रुद्र कुँवर, महिला सचिवमा सुष्मा ओझा, कोषाध्यक्षमा भूपराज पोखरेल चयन हुनुभएको छ ।

कार्यसमितिको सदस्यहरुमा ईश्वरी पौडेल, खगेन्द्रराज घिमिरे, दधिराम पौडेल, गोविन्द काफ्ले, दीपक शर्मा पौडेल, सङ्गीता काफ्ले, रमेशप्रसाद शर्मा, प्रदीप अधिकारी, कविता शर्मा अधिकारी, कुञ्जनी परियार प्यासी चयन हुनुभएको छ ।

## ज्येष्ठ नागरिकलाई वडामै विशेषज्ञसहितको स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

ज्येष्ठ नागरिकको स्वास्थ्यलाई ख्याल राख्दै निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । पोखरा महानगरपालिका-१२ ले वडा कार्यालयमा विशेषज्ञ सेवासहितको स्वास्थ्य शिविर सञ्चालन गरेको हो ।



बिरामी परिरहने ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकले शिविरमा सेवा लिए । स्वास्थ्य शिविरमा ३१२ जना लाभान्वित भएको वडाध्यक्ष सन्तोष बास्तोलाले जानकारी दिए । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिफ कन्सल्टेन्स फिजिसियन प्रा.डा.बुद्धिबहादुर थापा, डा. कृष्ण थापा, डा.हरिकृष्ण भण्डारी, डा. चुममाया पुन लागयतले बिरामीको स्वास्थ्य परीक्षण गरे । बिरामीको सुगर, प्रेसर, मृगौला र मुटुको परीक्षण गरिएको थियो । निशुल्क भिडियो एक्सरे र इसिजी परीक्षणसँगै सम्बन्धित रोगका विशेषज्ञ डाक्टरको परामर्श लिन पाएपछि ज्येष्ठ नागरिक खुशी देखिन्थे । गत वर्ष वडाले घरघरै पुगेर ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरेको थियो । घरमा पुग्दा सबै प्रकारका जाँच गर्न प्राविधिक समस्या हुने भएकाले वडामा विशेषज्ञ सेवासहितको शिविर सञ्चालन गरेको वडाध्यक्ष बास्तोलाले बताए । वडाबासीले स्वास्थ्यप्रति वडा सचेत रहेको उनको भनाइ छ । आगामी आर्थिक वर्षमा सामुदायीक विद्यालयमा आफ्ना छोराछोरी पढाउने हरेक परिवारको निशुल्क स्वास्थ्य विमा गरिदिने वडाध्यक्ष बास्तोलाले उद्घोष गरे । 'जतिपनि वडाका स्थायी बासिन्दा हुनुहुन्छ अथवा बसाँइसराइ लिएर आउनुभएको छ उहाँहरुले सामुदायीक विद्यालयमा गएर आफ्ना बालबच्चा पढाइदिनुभो भने हामीले निशुल्क स्वास्थ्य विमा गर्दिन्छौं', उनले भने । ज्येष्ठ नागरिकको मात्रै नभएर बालबालिकाको स्वास्थ्यमा पनि वडाले ध्यान पुऱ्याएको वडाध्यक्ष बास्तोलाले बताए । बालबालिकालाई मध्यनजर गर्दै अमरसिंह मावि र शितलादेवी माविमा 'इमर्जेन्सी रुम' स्थापना गरिएको छ ।

दैनिक १० देखि १५ जना विद्यार्थीले स्वास्थ्य सेवा लिइरहेका छन् । यसअघि पनि वडाले महिला लक्षित स्तन क्यानसर र पाठेघरको मुखको क्यानसरबाट जोगाउने सचेतनासहितको स्वास्थ्य शिविर आयोजना गरेको थियो । अमेरिकन नर्सिङ एसोसिएशनसँगको सहकार्यमा बृहत स्वास्थ्य शिविरसमेत आयोजना गरेको वडाले पटक पटक स्वास्थ्यका कार्यक्रम गर्दै आइहेको छ। शनिबार भएको स्वास्थ्य शिविरमा बोल्दै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिफ कन्सल्टेन्स फिजिसियन प्रा.डा.बुद्धिबहादुर थापाले ज्येष्ठ नागरिकले औषधि सेवनमा तालमेल मिलाउनुपर्ने बताए । उनले सुगर, प्रेसर, कोल्डस्टोर, युरिकएसिड, र थाइराइडले मानव शरीरलाई सताउने बताए । 'यी रोग कोही पहिला निस्कने कोही पछि निस्कने । जहिले पनि दुख दिइहेको हुन्छ', उनले भने, 'यी रोगले कसैलाई हार्टअट्याक, मष्तिसकघात, किड्नी खराब अवस्था ल्याउँछ ।'

अमर पोलिक्लिनक अमरसिंह चोक र युआएल हस्पिटलचोकको प्राविधिकसहयोगमाशिविरसञ्चालन भएको हो । युआरएलले निशुल्क रगत परीक्षण गरेको थियो । शिविरमा सेवा लिएकाले थप चेकजाँच गर्न चाहेको खण्डमा ३० प्रतिशत छुटमा सेवा दिने यूआरएलका निर्देशक ठाकुरप्रसाद पन्तले जानकारी दिए ।

रोग लाग्नुभन्दा पहिले नै सजगता अपनाएमा स्वस्थ्य जीवन जिउन सकिने उनको भनाइ छ । 'क्वालिटी लाइफ जिउनका लागि नसर्ने रोग खानपिन र जीवनशैलीबाट लाग्छन् । समयमै चेकजाँच गरेर थाहा पाउन सक्यौं भने स्वस्थ जीवन प्राप्त गर्न सक्छौं', उनले भने । बेलामै रोग लागेको पत्ता भए सामन्य औषधिले पनि निको हुने पन्तले उल्लेख गरे ।

## वैदेशिक रोजगारमा समस्या परेका १९२ जनालाई क्षतिपूर्ति

पोखरापत्र संवाददाता
तनहुँ, २४ चैत

वैदेशिक रोजगारीमा समस्यामा परेका तनहुँका एक सय ९२ जनाले क्षतिपूर्तिस्वरुप रु दुई करोड ३१ लाखभन्दा बढी राहत वितरण गरिएको छ । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को पहलमा चालु आर्थिक वर्षमा वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्यामा परेका उनीहरुले राहतस्वरुप उक्त रकम प्राप्त गरेका हुन् ।

वैदेशिक रोजगारीका क्रममा ठगी, मृत्यु, उद्धार तथा जालसाजीमा परेका उनीहरुले सामी कार्यक्रमको समन्वयमा उक्त रकम प्राप्त गरेको कार्यक्रम संयोजक लुना रानाले जानकारी दिनुभयो । उहाँका अनुसार व्यास नगरपालिकाका ६७ जनाले रु ६१ लाख ९१ हजार, भानु नगरपालिकाका १६ जनाले रु एक लाख २० हजार, शुक्लागण्डकी नगरपालिकाका १५ जनाले रु ११ लाख, म्याग्दे गाउँपालिकाका २२ जनाले रु ४५ लाख ५० हजार, भिमाद नगरपालिकाका २५ जनाले रु ६४ लाख ७९ हजार, बन्दीपुर गाउँपालकाका ११ जनाले रु दुई लाख, देवघाट गाउँपालिकाका ११ जनाले रु २१ लाख, आँबुखैरेनी गाउँपालिकाका चार जनाले रु ५० हजार, ऋषिङ गाउँपालिकाका १४ जनाले रु दुई लाख ५० हजार क्षतिपूर्ति पाएका छन् । तनहुँबाहेक अन्य ठाउँका सात जनाले रु २१ लाख क्षतिपूर्ति रकम पाएको संयोजक रानाले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा एक सय १८ ठगीका, १४ मृत्यु, छ जेल, १२ करार उल्लङ्घन, १४ उद्धार र ६३ अन्य उजुरी परेका थिए ।

रानाले भन्नुभयो, "आप्रवासन केन्द्रमा मुद्दा दर्ता भएपछि प्रशासन कार्यालय, प्रहरी कार्यालय, स्थानीय तह लगायतको सहकार्यमा पीडित परिवारलाई क्षतिपूर्ति रकम प्रदान गर्न सकिएको हो ।" सामी कार्यक्रम सञ्चालन भएपछि वैदेशिक रोजगारमा जाने र रोजगारमा ठगिएका, मृत्यु भएकाले राहत रकम पाउँदा पीडित परिवारलाई सहज हुने गरेको उहाँको भनाइ छ । कार्यक्रममार्फत हालसम्म छ हजार छ सय ९१ जनालाई परामर्श प्रदान गरिएको छ । वैदेशिक रोजगारीमा जानुपूर्व सुरक्षित रूपमा जानका लागि सर्वसाधारणलाई आवश्यक परामर्श प्रदान गरिएको छ ।

रानाका अनुसार व्यासका एक हजार चार सय ५६, शुक्लागण्डकीका एक हजार ७३ तथा भानु नगरपालिकाका एक हजार १४, म्याग्देका पाँच सय १७, भिमादका छ सय ७१, बन्दीपुरका तीन सय ९९, देवघाटका तीन सय चार, घिरिङका तीन सय ८३, ऋषिङका पाँच सय ५४ र आँबुखैरेनी गाउँपालिकाका तीन सय २० जनालाई परामर्श सेवा दिइएको छ । वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन विसं २०७६ मङ्सिर १ गतेदेखि जिल्लाका चार र गत वर्षदेखि थप तीन स्थानीय तहमा सामी कार्यक्रम सञ्चालित छ । जिल्लाका व्यास, भानु र शुक्लागण्डकी नगरपालिकाका साथै म्याग्दे, भिमाद, देवघाट र बन्दीपुर गाउँपालिकामा कार्यक्रम सञ्चालन भइहेको छ । सामी कार्यक्रममार्फत विदेश जाने र विदेशबाट फर्किएका युवायुवतीलाई परामर्श सेवा प्रदान गर्ने गरिएकामा यो प्रभावकारी

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१





# प्रथम एमेचर फुटसल प्रतियोगिताको उपाधि यात्रा नेपाललाई

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

हार्ड वोण्ड फ्रेण्ड्सको आयोजनामा पोखरामा शनिवार सम्पन्न भएको प्रथम एमेचर फुटसल प्रतियोगिता २०८० मा यात्रा नेपालको टिमले उपाधि जितेको छ।

स्पोट्र्स क्यासल फुटसलमा शनिबार भएको फाईनल खेलमा यात्रा नेपालले मिलन टोल समुहलाई ४-० को गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो।

यात्रा नेपालको जितमा संदिप तामाङ, दिनेश गुरुङ, अंकिल गुरुङ र प्रनिल रानाभाटले एक/एक गोलको गोगदान दिनु भयो। प्रतियोगितामा प्रथम पुरस्कार ५५ हजार ५ सय ५५ रहेको थियो भने दोश्रो पुरस्कार २५ हजार ५ सय ५५ रूपैया रहेको थियो। प्रतियोगितामा यात्रा नेपालका संदिप तामाङ म्यान अफ दी म्याच घोषित हुनु भयो। विजयी खेलाडीहरूलाई राष्ट्रिय खेलकुद परिषदका




सदस्य राजेश कुमार गुरूङ, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल लगायतले पुरस्कार वितरण गर्नु भएको थियो।

कार्यक्रममा बोल्दै राखेप सदस्य गुरूङले खेलाडीहरूलाई अनुशासनमा रहन आग्रह गर्दै सुर्खोतमा हुने १० औं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने गरि उत्कृष्ट खेल प्रदर्शन गर्न सुझाव दिनु भयो। साथै उहाँले नवौं प्रतियोगितामा गण्डकीले राखेको साख जोगाउने गरी विभिन्न खेलको प्रशिक्षण अब सुरु गर्नुपर्नेमा जोड दिनु भयो। प्रतियोगितामा २९ समुहले सहभागीको लागि टिम दर्ता गराएकोमा ९ समुहले अन्तिम समयमा सहभागि नभएको आयोजकले जनाएको छ। यसैबिच शनिबार महिला तर्फ भएको रियल म्याड्रिड एफ.सी. पोखरा ए र बी बिचको खेलमा ए को समुह बिजयी भएको हार्ड वोण्ड फ्रेण्ड्सका अध्यक्ष विश्वास गुरुङले बताउनु भयो।

प्रतियोगितामा मिलन टोलका नामास थापा मगर उत्कृष्ट खेलाडी घोषित हुदा उत्कृष्ट गोलरक्षकमा यात्रा नेपालका अन्जन क्षेत्री घोषित हुनु भएको प्रतियोगिताका संयोजक अरुण थापा मगरले बताउनु भयो।

# लायन्स क्लबको सामाजिक योगदान महत्वपूर्णः प्रदेश प्रमुख भट्ट




पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

गण्डकीका प्रदेश प्रमुख डिल्ली राज भट्टले नेपालमा लायन्स क्लबले शिक्षा, स्वास्थ्य, प्राकृतिक विपद् र मानवकल्याणका क्षेत्रमा पुऱ्याएको योगदान अनुकरणीय रहेको बताएका छन्

पोखरामा शनिबार आयोजित लायन्स क्लब डिस्ट्रिक्ट ३२५ एम नेपालको दोस्रो महाधिवेशनका प्रमुख अतिथि भट्टले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा क्लबले पुऱ्याएको योगदानको चर्चा गर्दै त्यस्तो कार्य सरकारसहित सबैका लागि उदाहरणीय रहेको बताए। क्लबका असल अभ्यासको अनुशरण र सहकार्य गर्नुपर्ने खाँचो औंल्याउँदै प्रमुख भट्टले नेपालमा लायन्स क्लबले अस्पताल, विद्यालय, मानव स्वास्थ्य, सामाजिक सेवा, भूकम्पपीडितलाई सहायता जस्ता राम्रो काम गरिरहेको उल्लेख गरे। 'समाज परिवर्तनको लागि लायन्स क्लबहरुले सामूहिक रुपमा महत्वपूर्ण भुमिका पनि निर्वाह गरिरहेकोमा खुशी प्रकट गर्दछु। लायन्सले मानवीय एवं प्राकृतिक विपत्तिमा सहयोग गरी ठूलो गुन लगाएको छ।' प्रमुख भट्टले भने- 'अनवरत र व्यवस्थित रुपमा मानवीय सेवा गर्दै आउनुभएकोमा हार्दिक बधाई दिन चाहान्छु। यस्तै पवित्र कार्य निरन्तर चलिरहोस् भनी कामना गर्दछु।' लायन्स क्लब अन्तर्राष्ट्रिय कोषबाट करिव २४ करोडको सहयोगमा रुवेलाको विरुद्धमा खोप, नेपालका दूरदराजमा गएर करिव २० वर्षसम्म आँखाका बिरामीहरु पहिचान गरी निःशुल्क शल्यक्रिया लगायतका सेवाहरु उपलब्ध गराएको कार्य प्रशंसनीय रहेको भट्टको भनाई छ। लायन्सले नेपालमा २०७२ सालमा गएका महाभुकम्पमा क्षतिग्रस्त स्थानहरुमा पुगी ठूलो सहयोग गरी समाज सेवाको अनुकरणीय कार्य गरेको स्मरण पनि उनले गरे।

## सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधै लगआउट गरौ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौ।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक बधाई



श्री विश्व तण्डुकार

राम बजार तायाः मचाः नाच समिति राम बजार १०/१५ पोखराका अत्यन्तै सहयोगी संस्था श्रीकृष्ण मन्दिर संचालक समितिको १४औं साधारण सभा तथा ७औं अधिवेशन बाट तायाः मचाः नाच समिति रामबजारका कोषाध्यक्ष **विश्व तण्डुकार** अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएका विश्व तण्डुकार लगायत उपाध्यक्ष प्रितम गुरुङ, सचिब उत्तम गुरुङ, समितिका दित्तिय उपाध्यक्ष कोषाध्यक्षमा जयन्द्र कुमार राजभण्डारी, सह-सचिवमा दान बहादुर गुरुङ, सदस्यहरूमा कमला गुरूङ, बिकाश गुरुङ, सोना गुरुङ, अर्जुन तण्डुकार, भिम बहादुर गुरुङ र ईन्द्र गिरी निर्विरोध निर्वाचित हुनु भएकोमा अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारीहरूको कार्यकालको पूर्ण सफलताको कामना ब्यक्त गर्दछौं।

सम्मर बहादुर श्रेष्ठ
अध्यक्ष तथा
राम बजार तायाः मचाः नाच समिति
रामबजार १०/१५ परिवार पोखरा

## वैदेशिक ...

बनेको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो। उहाँले भन्नुभयो, "सामी कार्यक्रमलाई अबको आर्थिक वर्षदेखि स्थानीय तहले सञ्चालन गर्नुपर्ने अवस्था आउन लागेको छ। यो कार्यक्रम निकै प्रभावकारी बनेकाले त्यसका लागि हामी तयार छौं।" गण्डकी प्रदेशका जिल्लामध्ये वैदेशिक रोजगारीमा जाने तनहुँ उच्च जिल्ला रहेकाले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन यो कार्यक्रमले सहयोग पुगेको वैदेशिक रोजगार बोर्डका कार्यक्रम अधिकृत शैलेन्द्र मिश्रले बताउनुभयो। उहाँका अनुसार चालु आव तनहुँबाट श्रम स्वीकृति लिएर विदेश जानेको सङ्ख्या १३ हजार नौ सय ५१ छ।

त्यसमध्ये महिलाको सङ्ख्या एक हजार तीन सय ९० छ। उहाँले भन्नुभयो, "गरिबी र वैदेशिक रोजगारमा आकर्षणले विदेश जानेको सङ्ख्या बढ्दो छ। यसलाई रोक्न सक्ने अवस्था छैन तर वैदेशिक रोजगारीमा जानुपूर्व आवश्यक सबै ज्ञान लिएर मात्रै जानुपर्छ। नत्रभने पछि समस्या आउन सक्छ।"

## हार्दिक बधाई



श्री कमला गुरूङ

राम बजार तायाः मचाः नाच समिति राम बजार पोखरा १०/१५ का अत्यन्तै सहयोगी संस्था श्रीकृष्ण मन्दिर संचालक समितिको १४औं साधारण सभा तथा ७औं अधिवेशनबाट सहयोगी एवं समाजसेवी **कमला गुरूङ** अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएका कमला गुरुङ लगायत उपाध्यक्ष गंगा हिताङ, सचिव माया गुरुङ, कोषाध्यक्ष देबु थापा, सह-सचिव सुशिला थापा, सदस्यहरूमा लक्ष्मी हिताङ, तारा कार्की, कला कार्की, डिलमाया गुरुङ, सरिता रानि र बिष्णु बस्नेत निर्विरोध निर्वाचित हुनु भएकोमा अध्यक्ष लगायत सम्पुर्ण पदाधिकारीहरूको कार्यकालको सफलताको कामना ब्यक्त गर्दछौं।


सम्मर बहादुर श्रेष्ठ
अध्यक्ष तथा
राम बजार तायाः मचाः नाच समिति
रामबजार १०/१५ परिवार पोखरा

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

- पुरूषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
- महिलाहरूमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
- मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# लागानी सम्मेलनको तयारीमा जुट

सरकारले आगामी वैशाख १६ र १७ गते काठमाडौँमा हुने तेस्रो लगानी सम्मेलनका लागि गति बढाएको छासरकारको समिकरण फेरिएपछि लगानी सम्मेलनका लागि समय नपुग्ने हुँदा रोकिने त होइन भन्ने आशंका थियो । अर्थमन्त्री फेरिएको हुँदा प्राथमिकता फेरिने आशंकालाई सरकारले हटाएको छापहिलेकालाई निरन्तरता दिएको छ। पुरानोलाई पनि आयोजक मानेर जाने सबैलाई समेट्नु रामरो हो। लगानी सम्मेलनका लागि सरकारले नाम र लोगोसमेत टुङ्गो लगाइसकेको छ। 'इमर्जिङ नेपाल इन्भेस्टमेन्ट समिट, २०२४' नाम तय गरिएको लगानी सम्मेलनको सचिवालयले सार्वजनिक गरेको छ । सम्मेलनका लागि आवश्यक कानुनी तथा संरचनागत सुधार, लगानीकर्तालाई सम्मेलनबारे जानकारी दिनेलगायतका कार्य गर्न कार्यान्वयन समिति र प्राविधिक समितिहरू सक्रिय रहेका छन् । सरकारले अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, मुख्य सचिवको नेतृत्वमा कार्यान्वयन समिति, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा प्राविधिक समिति गठन गरिसकेको छ । सचिवालयले कुन आयोजनालाई प्रमुखता दिएर 'सोकेस' मा लैजाने भन्ने सम्बन्धमा छनोटको कार्य चलिरहेको छ।

सम्मेलनकै सन्दर्भमा अर्थमन्त्री वर्षमान पुनले विदेशस्थित नेपाली राजदूत तथा कूटनीतिक नियोग प्रमुखहरूलाई लगानी सम्मेलन केन्द्रित कार्यलाई प्राथमिकतामा राख्न निर्देशन दिएका छन। चालिसभन्दा बढी देशमा रहेका नेपाली राजदूत तथा कूटनीतिक नियोग प्रमुखसँग भर्चुअल बैठक गर्दै तेस्रो लगानी सम्मेलनमा लगानीको सहज वातावरण बनाउन भएका प्रयासबारे आफू सम्बद्ध देशमा सूचना प्रवाह गर्न निर्देशन दिएका छन। । लगानी सम्मेलन राष्ट्रको इज्जत, प्रतिष्ठा र गौरवको विषयसँग जोडिएकोले प्रधानमन्त्रीको तर्फबाट समेत आफूले आग्रह गरेको स्पष्ट पारेका छन।अर्थमन्त्री पुनले सरकारको मूल नेतृत्व उही रहेको र केही मन्त्रीहरू मात्र फेरिएकाले लगानी सम्मेलन र लगानीसम्न्धी नीतिमा कुनै फेरबदल नभएको विषयमा समेत अन्तर्राष्ट्रिय समुदायलाई आश्वस्त पार्न खोजेका छन । आवासीय नेपालीले आर्जन गरेका ज्ञान, सिप र प्रविधिलाई मातृभूमिमा प्रयोग गर्ने विषयलाई सरकारले प्राथमिकतामा राखेको छ । गैरआवासीय समुदायमा पनि सन्देश प्रवाह गर्न राजदूत र नियोग प्रमुखलाई निर्देशन दिएको छ । आर्थिक कूटनीतिको प्रमुख स्तम्भ लगानी कूटनीतिमा विदेशस्थित दूतावासको भूमिका निकै महत्वपूर्ण हुने भएकोले सरकारले आग्रह गरे अनुरूप नै पहलकदमी बढाएर लगानीकर्तालाई नेपाल भित्र्याउने वातावरण बनाउन दूतावासहरूले महत्वपूर्ण भूमिका खेल्न सक्छन ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मित्रराष्ट्र भारत तथा चीनको भ्रमणका क्रममा मात्र नभएर अन्तर्राष्ट्रिय सभा सम्मेलनका अवसरमा समेत नेपालमा लगानीका लागि आग्रह गर्दै आएका छन । लगानीको सुनिश्चितता, उदीयमान अर्थतन्त्र, छिमेकी बजार सम्भाव्यता र विश्व परिवेश अनुरूपका क्षेत्र पहिचान गरेर लगानी गर्न उत्साही देखिएका देश तथा व्यापारिक समूहलाई आकर्षित गर्न कूटनीतिक पहल गर्न लगानीविद्हरूका तर्फबाट प्राप्त सुझावलाई सरकारले मनन गर्न आवश्यक छ।

विसं २०७३ र २०७५ मा गरिएका दुई वटा लगानी सम्मेलनले औँल्याएका कमीकमजोरीमा सरकारका तर्फबाट गरिएको सुधार, ऐन नियममा गरिएको परिमार्जन एवं सरकारी प्रतिबद्धताले विश्वका लगानीकर्तामा धेरथोर उत्साह जगाएकै छ । मूल कुरा लगानीकर्तामाझ लगानी सुरक्षा र प्रतिफलको सुनिश्चितताको विश्वासनीय आधार देखाउन सक्नु पर्छ। पहिलो लगानी सम्मेलनमा करिब १४ खर्ब रुपियाँको लगानी प्रतिबद्धता आएको भए पनि यथार्थमा तीन खर्ब रुपियाँ मात्र लगानी आउन सकेको थियो । त्यसै गरी दोस्रो लगानी सम्मेलनमा आइपुग्दा ३२ खर्बको लगानी प्रतिबद्धता आएकोमा लगानीको ठुलो हिस्सा प्रतिबद्धतामै सीमित रह्यो । प्रतिबद्धता अनुरूपको लगानी के कस्ता कमीकमजोरीका कारण आउन नसकेको बारे निर्मम समीक्षा गरेर अगाडि बढ्नु पर्दछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# शान्ति निकेतनमा विद्यार्थी दीक्षित, १० को बिदाई

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

पोखरा ५ प्रर्स्याङ स्थित शान्ति निकेतन स्कुलमा पूर्व आधारभूत तहका विद्यार्थीको दीक्षान्त समारोह सम्पन्न भएको छ।

विद्यालयले शनिबार एक कार्यक्रमको आयोजना गरी पूर्व आधारभूत तह (यूकेजी) का ६५ जना विद्यार्थीलाई दीक्षित गरेको हो। यस्तै, विद्यालयमा अध्ययनरत नर्सरीदेखि कक्षा ९ सम्मका विद्यार्थीलाई शैक्षिक पुरस्कार वितरण गरेको छ भने एसईई दिएका विद्यार्थीको बिदाई पनि गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका, शिक्षा महाशाखाका शिक्षा अधिकृत रामप्रसाद तिवारीले विद्यालयले प्राप्त गरेको शैक्षिक उपलब्धिलाई मुक्तकण्ठले प्रशंसा गरे। तिवारीले पोखराका विद्यालयमध्ये शान्ति निकेतन उत्कृष्ट विद्यालयका रुपमा स्थापित भएको उल्लेख गर्दै शिक्षा महाशाखामा विद्यालयको गतिविधिको रेकर्डले नै पुष्टि गर्ने बताए । विद्यालयका संस्थापक प्राचार्य डा. महेश्वर पराजुलीले विद्यालयले समयसापेक्ष शैक्षिक योजना तथा रणनीतिहरुलाई अवलम्वन गर्दै विद्यार्थीका सर्वाङ्गिण विकासमा केन्द्रीत भई उत्कृष्ट पठनपाठन गरिरहेको जनाए । संस्कारयुक्त शिक्षा तथा जीवनपयोगी सीपलाई प्रमुख आधार मान्दै आउँदा दिनमा विद्यालय अघि बढ्ने प्रतिबद्धता जनाए । कार्यक्रमको अध्यक्षतासमेत गरेका विद्यालय व्यवस्थापन समिति अध्यक्ष कृष्णमणि भुर्त्यालले विद्यालयको शैक्षिक उपलब्धिमा सन्तुष्ट रहेको र आउँदा दिनमा ११ र १२ कक्षाका प्राविधिक धारका विषयहरु सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा विद्यालयका सहप्राचार्य यदुविलास भुर्त्याल, विद्यालयका परीक्षा विभाग प्रमुख हेम सुवेदी, सीपीएस प्रमुख नारायणी पराजुली, अभिभावकका तर्फबाट सर्वोत्कृष्ट नतिजा प्राप्त गर्न सफल गौसिक आलेका अभिभावक गणेश आलेमगरले बोलेका थिए। कार्यक्रममा शैक्षिक अनुशासनसँगै सरसफाईमा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । यहि चैत २३ गते समापन भएको एसईईमा सहभागी भएका विद्यालयका १४ औं ब्याचका विद्यार्थीहरुलाई मायाको चिनो प्रदान गरी उत्कृष्ट नतिजाको शुभकामनासहित विद्यालयले एक कार्यक्रमका बीच विद्यालयले बिदाई गरेको हो।

बिदाई कार्यक्रममा विद्यालयका संस्थापक प्राचार्य डा. महेश्वर पराजुलीले यस वर्षको एसईईमा सहभागी भएका सबै ४० जना विद्यार्थीलाई सफलताको शुभकामना प्रकट गरे। 'सबै विद्यार्थीहरुले परीक्षामा राम्रो गरेकोमा म विश्वस्त छु। तपाईंहरुले उत्कृष्ट अंक ल्याई शान्ति निकेतनको नाम चम्काउनुहुनेछ, इतिहास रच्नुहुनेछ ।' डा. पराजुलीले भने - 'उच्च शिक्षाको लागि तयार भएका विद्यार्थीको उज्वल भविष्यको कामना गर्दछु। यो वास्तवमा बिदाई होइन, आगामी दिनको लागि शुभयात्रा हो ।' बिदाई कार्यक्रममा बोल्दै शिक्षासेवी किरण सापकोटाले विद्यालयको शैक्षिकसँगै अतिरिक्त क्रियाकलापमा उत्कृस्ट बिद्यार्थी उत्पादन गर्न सफल भएकोमा मुक्त कण्ठले प्रशंसा गरे । कार्यक्रममा एसईईमा सहभागी भएका मध्येबाट विद्यार्थी शैलज अधिकारीले आफ्नो अनुभव सुनाए र विद्यालयलाई धन्यवाद पनि दिए।

# मोटोखानाका विजेताहरु पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

मोटरसाइकल टुरिङ र रेसिङ अर्थात ट्रान्स-हिमालय एड्भेन्चर मुस्ताङको मुक्तिनाथ पुगेर पोखरा आएर समापन भएको छ । गत सोमबार काठमाडौंबाट प्रस्थान गरेका राइडरहरुको टोली पोखरा, बेनी हुँदै मुक्तिनाथ पुगेका थिए भने फेरि बेनी हुँदै पोखरा पुगेका हुन्।

पोखरामा आयोजना भइरहेको मोटो इन्डुरो क्रस च्याम्पियनसिप २०२४ भ्रमण गरी सो राइड समापन गरियो । यो भन्दा पहिले मुक्तिनाथ नजिकै ३ हजार ५० मिटर उचाईमा रहेको सेल्फी डाँडामा राइडरहरुका बिच टाइम ट्रेल च्यालेन्ज 'मोटोखाना' बाइक रेस प्रतियोगिता समेत आयोजना गरियो। सो प्रतियोगितामा विजयी ऋषभ शर्मा र अनुष्का शर्मालाई एक कार्यक्रमका बिच पोखरामा पुरस्कृत गरिएको छ । त्यसैगरी सबै राइडरहरुलाई समेत प्रमाणपत्र र गिफ्ट ह्याम्पर प्रदान गरियो।

सो प्रतियोगितामा ऋषभ शर्मा र अनुष्का शर्माका साथै अपूर्व बैकडी, शान्त हरि आचार्य, सरोज महर्जन, सञ्जित राम श्रेष्ठ, रौनक अधिकारी, ईश्वर वल्ल्भ उप्रेती, दिपेन्द्र कुमार खड्का र सुनिल श्रेष्ठ, सहभागी भएका थिए । उनीहरुलाई नेपाल अटोमोबाइल्स एसोसिएसन, मोटरसाइक्लिङ कमिसनका संयोजक अनिल बराल, गण्डकी अटोमोबाइल्स एसोसिएसनका अध्यक्ष शिव श्रेष्ठ र मार्सल कमिसनका सदस्यद्वय प्रमोद श्रेष्ठ 'गुफी' र आशिष रौनियारबाट पुरस्कृत गरिएको छ । ट्रान्स-हिमालय एड्भेन्चर अन्तर्गत सेल्फी च्यालेञ्ज तथा सेफ राइडिङ र ट्यालेन्ट हन्ट सम्बन्धी विभिन्न क्रियाकलाप समेत आयोजना गरिएको छ । राइडरहरु एड्भेन्चर स्पोर्टस, टु ह्विल टुरिङ र सेफटी राइडिङ सम्बन्धी लाइभ स्ट्रिम, फोटोकथा, सेल्फी तथा भिडियो कन्टेस्ट, आर्टिकलसिप आदिमा सहभागी भएका छन् र विजेताहरुलाई केही समय पछि पुरस्कृत गरिने बताइएको छ । राष्ट्रिय खेलकुद परिषदले साहसिक खेलकुदमार्फत दिगो पर्यटन प्रवर्द्धनको हेतुले विगत लामो समय देखि साहसिक खेलहरुलाई प्रवर्द्धन गर्दै आइरहेको सन्दर्भमा यस्ता गतिविधिले सरकारको दिगो लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने छ । माउन्टेन स्पोर्ट्स फेस्टिभल अन्तर्गत दिगो पर्यटनको लागि टु ह्विल टुरिङलाई प्रवर्धन गर्ने उद्देश्यका साथ साहसिक खेलकुदको रुपमा समेत यसलाई लिइएको छ । सेफ्टी राइडिङको सन्देश समेत फैलाउन सहयोग पुग्ने गरी सो राइड अन्तर्गत अन्य विभिन्न कार्यक्रम समेत आयोजना गरिएको छ । आगामी दिनमा समेत यस्ता कार्यक्रम आयोजना गर्दै जाने आयोजकको भनाइ छ। राष्ट्रिय खेलकद परिषद् र अन्तर ाष्ट्रिय मोटरसाइकल फेडरेसन ९ँक्षः० को सहयोग तथा गण्डकी अटोमोबाइल्स एसोसिएसनको प्राविधिक सहयोगमा सो कार्यक्रम आयोजना भएको हो।

# पौडेल वंश महासंघ नेपाल गण्डकी प्रदेशको दोस्रो अधिवेशन पोखरामा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत




'पौडेल थर, हाम्रो साझा घर' भन्ने मुल नारासहित पौडेल वंश महासंघ नेपाल गण्डकी प्रदेशको दोस्रो अधिवेशन पोखरामा शनिबार सम्पन्न भएको छ।

स्वस्तिक वाचन गर्दै शंखध्वनीका साथ कार्यक्रमको उद्घाटन गरिएको थियो । अधिवेशनको उद्घाटन गर्दै महासंघका केन्द्रिय अध्यक्ष हरिराम पौडेलले विभिन्न ठाउँमा छरिएर कुल पुजा गर्दै आउनुभएका पौडेल बन्धुहरुलाई यस पौडेल वंश महासंघ नेपालमा आवद्ध भई एउटै तिथिमा पुजा गर्न आग्रह गर्नुभयो । उहाँले आत्रेय गोत्रको कुल उत्थानको लागि पौडेलबन्धुहरु एक हुनुपर्ने भन्दै कुल पुजा एकै ठाउँमा गर्न बृहत बौद्धिक भेला गर्ने र भेलाको निर्णय अनुसार नै अगाडि बढ्ने जानकारी दिनुभयो। अध्यक्ष पौडेलले पौडेल वंशमा पितृदोष र पुत्रदोषबाट मुक्त हुनको लागि यस अभियानलाई अगाडि बढाउने सँगै पौडेल वंशका सन्ततीहरुले हरेक क्षेत्रमा अगुवाई गरी देश, राष्ट्र र जनताको सेवा गर्नको लागि संस्कारको विकास गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा संविधान सभा सदस्य शारदा पौडेलले कुल देवताको पुजाले संमग्र मुलुकको कल्याण हुने बताउनुभयो । अर्का सदस्य गोविन्द पौडेलले समाजका लागि भातृत्व विकासको महत्व पनि अर्थपूर्ण हुने बताउनुभयो। त्यसैगरी अर्का सदस्य नवराज पौडेलले गण्डकी प्रदेशमा २१.५ भन्दा बढी बाहुन जातीको संख्या बढी भएपनि पौडेलबन्धुहरुले आफ्नो शक्तिलाई चिन्न नसकेको बताउनुभयो। कार्यक्रममा शिक्षाविद् बाबुराम पौडेलले पुर्खा र प्रकृतिलाई चिन्न सकेमात्र वंशको उत्थान मात्र नभई मुलुककै समृद्धि हुने बताउनुभयो। त्यसैगरी गण्डकी प्रदेशका मुख्य महान्यायधिवक्ता चिरञ्जिवी पौडेलले सत्कर्म र दुस्कर्म चिन्न सकेमात्र वंशको पहिचान हुने बताउनुभयो । उहाँले मुलुकका लागि संस्कृत र नैतिक अपरिहार्य रहेकाले शैक्षिक पाठ्यक्रममा समावेश गर्न आवश्यक रहेको बताउनुभयो । त्यस्तै पश्चिम पृतनाका पृतनापति सन्तोष बल्लभ पौडेलले आत्रेय गोत्रका सन्तान पौडेल सधैं सत्कर्ममा लाग्नुपर्ने बताउनुभयो । सचिव रामजी पौडेलको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा गण्डकी प्रदेशका नौ वटा जिल्ला समितीका अध्यक्ष, पुजा समितीका प्रतिनिधि, केन्द्रिय सहसचिव चन्द्रमणी पौडेल, कोषाध्यक्ष युवराज पौडेल, केन्द्रीय सदस्य प्रेम पौडेल, केन्द्रीय वंशावली संघका संयोजक एवं केन्द्रिय सदस्य प्रा.डा कृष्ण पौडेल, गिरीमहाराज त्रियानन्द, पोखरा महानगरपालिकाका वरिष्ठ कानुन अधिकृत नारायण पौडेल लगायत विभिन्न पौडेल संघसंस्थाका प्रतिनिधिले पौडेल वंशको बारेमा बोल्नुभएको थियो । कार्यक्रममा कुल देवताको पुजा र विधि एउटै हुनुपर्नेमा जोड दिएका थिए।

त्यसैगरी वक्ताहरुले कुलपुजामा पशुबली प्रथाको अन्त्य गर्न र पुजा समितीलाई सक्रिय रुपमा अगाडी लैजान समेत सुझाव राखेका थिए। कार्यक्रममा पौडेल वंशमा उल्लेखनीय योगदान गर्नुहुने युवा व्यवसायी नाराण पौडेल र होटल दिपसागरका संचालक एवं व्यवसायी केपी शर्मालाई केन्द्रीय अध्यक्ष लगायतले दोसल्ला ओढाई सम्मान पत्रले सम्मान गरिएको थियो।

# चापापानी सिद्वार्थ सहकारीको रक्तदानमा ४६ युनिट रगत

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत



चापापानी सिद्वार्थ बचत तथा ऋण सहकारी सस्थां पोखरा १२ ले आफ्नो १५ औं स्थापना दिवसको अवसरमा आयोजना गरेको रक्तदान तथा निःशुल्क मधुमेह तथा प्रेसर जाँच कार्यक्रममा ४६ युनिट रगत सकंलन भएको छ।

गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय प्रमुख भेषराज रिजालले पहिलो रक्तदाता तथा कार्यक्रम संयोजक मनोज कार्कीलाई व्लड व्याग दिएर कार्यक्रम सुरु गरिएको थियो । चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी सस्थांका संरक्षक तथा निवर्तमान अध्यक्ष नरेश बहादुर कार्कीले सहकारीले विभिन्न समयमा सामाजिक उतरदायित्वका कामहरु गरिरहेको बताउदै यस्तो पुण्य काम सहकारीले गर्न पाएकोमा संस्था प्रति खुशी व्यक्त गरे । सहकारीका अध्यक्ष दिपक कार्कीले सहकारीमा वित्तिय शुसासन कायम गर्न सहकारी ऐन र नियममा प्रतिवद्ध रही सबै शेयरधनीहरुको निक्षेप र लगानी सुरक्षित रहेको सवैलाई जनकारी दिनुभयो । अध्यक्ष कार्कीको अध्यक्षतामा भएको कार्यकममा पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, रक्त संचार केन्द्र पोखराकी प्राविधिक यमुना केसी लगायतले बोलेका थिए। सहकारीका उपाध्यक्ष श्याम प्रसाद साँखीले स्वागत गर्नुभएको थियो भने सहकारीका सचिव ईन्दिरा भण्डारी कोइरालाले कार्यक्रम सञ्चालन गर्नुएको थियो । कार्यक्रममा सहकारीकी व्यवस्थापक करूणा शाहीले सहकारीका सात सिद्वान्त बाचन गर्नुभएको थियो। सो कार्यक्रममा १ सय ६५ जनाले मधुमेह तथा प्रेसर जाँच गराएका थिए।

# खेलकुद पत्रकार मञ्चलाई फुटसल उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत



नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीले मैत्रीपूर्ण फुटसलको उपाधि जितेको छ । विश्व खेलकुद दिवसको अवसरमा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गण्डकी प्रदेश शाखाले आयोजना गरेको मैत्रीपूर्ण खेल मञ्चले जितेको हो।

शनिबार अमरसिंह फुटसलमा भएको फाइनल खेलमा पोखरा संगीत समूहलाई ५-२ गोल अन्तरले पराजित गर्दै पत्रकारको टिमले उपाधि जितेको हो। पत्रकारको जितमा निकोलस गुरुङले ह्याट्रिक पूरा गरे। अर्जुन गाहा 'सुशान्त' र प्रवेश पोखरेलले १/१ गोलको योगदान दिए । संगीत समूहको तर्फबाट विश्वास गुरुङ र रविन गुरुङले गोल गरेका थिए। उपाधि जितेको पत्रकारको टिमले कुखुराको भाले, सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । उपविजेता बनेको संगीत समूहले पनि कुखुरा, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । त्यसअघिको सेमिफाइनलमा पत्रकार मञ्चले राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कास्कीलाई ८-२ गोलअन्तरले पराजित गरेको थियो भने, संगीत समूहले आयोजकलाई १३-२ गोलले हराउँदै फाइनल पुगेको थियो । विजेता खेलाडीलाई संस्थाका सल्लाहकार तथा पोखरा महानगरका वरिष्ठ कानुन अधिकृत नारायणप्रसाद शर्मा, केन्द्रीय प्रशासन सचिव जीवन दाहाल, केन्द्रीय सचिव शंकर विरही गुरुङ, कन्द्रीय पूर्व उपमहासचिव चोलेन्द्र पौडेललगायतले पुरस्कार वितरण गरेका थिए।

## तेश्रो मनुश्री/भिग्नाजित जुनियर टेनिस : सारालाई दोहोरो उपाधि, यू-१६ मा सुनिरा च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

तेश्रो मनुश्री/भिग्नाजित जुनियर टेनिस यू-१० र यू-१२ गर्ल्स सिंगल्समा सारा पन्तले दोहोरो उपाधि जित्दा यू-१६ गर्ल्स सिंगल्समा सुनिरा थापा च्याम्पियन भएकी छन् ।



कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालास्थित टेनिस सेन्टरमा जारी प्रतियोगितामा यू-१० तर्फ सारा पन्तले जिवाश्री भट्टराईलाई ६-०, ६-३ ले र यू-१२ तर्फ अनुश्री धोजुलाई ६-२, ६-३ ले पराजित गरेकी हुन् । विजेता बनेकी साराले यू-१२ उपाधि संगै नगद रु १० र यू-१२ तर्फ नगद रु ५ हजार र यू-१० की उपविजेता जीवाश्रीले नगद रु २ हजार ५ सय र यू-१२ की उपविजेता अनुश्रीले नगद रु ५ हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गरे ।

१९ औं एसियाली खेलकुदमा समेत सहभागी रहेकी सुनिरा थापाले यू-१६ गर्ल्स सिंगल्समा दिव्यता भण्डारीलाई ६-२, ६-० को सोझो सेटमा पराजित गर्दै च्याम्पियन बनेकी छन् । नेपाल र्‍याकिङ नं २ खेलाडी थापाले नगद रु २० हजार र दिव्ताले नगद १० हजारका साथमा मेडल तथा प्रमाणपत्र हात पारे । शनिबार सम्पन्न ६ वटा विभिन्न उमेर समुहका फाइनल खेल मध्ये यू-१० व्वाइज सिंगल्सतर्फ निश्चल ज्ञवालीले अर्याशराज पौडेललाई ७-६, ५-४ ले पराजित गरी उपाधि जिते । निश्चलले नगद रु ५ हजार हात पार्दा उपविजेता अर्याशले नगद रु २ हजार पाँचसयका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गरे । त्यसै गरी यू-९ गर्ल्स सिंगल्समा ताभिसी रानाले नैरा छोदेन गुरुङलाई ५-३, ४-२ ले पराजित गरी च्याम्पिनि बनिन् । उनले नगद रु ५ हजार हात पार्दा उपविजेता नैराले नगद रु २ हजार पाँचसयका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गरिन् । त्यस्तै गर्ल्स ओपन डबल्सतर्फको फाइनलमा शाल्भी शेरचन र आरुषी तुलाचनको जोडीले शरिषा शेरचन र गरिष्मा गुरुङको जोडीलाई सुपरटाई ब्रेकमा १-६, ६-४ (१०-७)ले पराजित गरेका छन् । उपाधि बिजेता शाल्भी र आरुषीको जोडीले नगद रु २० हजार र उपविजेता शरिषा र गरिष्माले नगद रु १० हजारका साथमा मेडल तथा प्रमाणपत्र हात पारेका छन् । यता ब्वाइज ओपन डबल्सतर्फ दर्शिल श्रेष्ठ र शास्वत बज्रचार्यको जोडी र एड्रिन र स्पन्दन उदासको जोडीले फाइनलमा स्थान पक्का गरेका छन् । दर्शिल र शास्वतले यूवेन र विश्व विशेषलाई ६-०, ६-१ ले र अड्रिन र स्पन्दन उदासको जोडीले सन्दिप विक र डोजन गुरुङको जोडीलाई ६-०, ६-३ ले सेमीफाइनलमा पराजित गरे । यस्तै यू-१६ ब्वाइज सिंगल्सको फाइनलमा दर्शिल र सृजन भट्टराई आमने सामनो हुनेछन् । यू-१४ ब्वाइज सिंगल्समा डोजन गुरुङ र सन्दिप विक भिड्नेछन् । डोजनले सेमीफाइनलमा प्रफुल्ल श्रेष्ठलाई टाइव्रेकमा ६-७, ६-४ र ६-३ ले पराजित गर्दा सन्दिपले स्पन्दन उदासलाई ६-१, ६-२ को सोझो सेटमा पाखा लगाएका थिए । त्यसै गरी यू-१४ गर्ल्सतर्फ शाल्भी शेरचन र शरिसा शेरचनको जोडी फाइनलमा पुगे । यू-१२ ब्वाइज सिंगल्सतर्फ विश्व विशेष डल्लाकोटी र अर्याशराज पौडेल फाइनलमा पुग्दा यू-९ ब्वाइजतर्फ इभान भट्टराई र कायान चालिसे तथा यू-८ ब्वाइज सिंगल्समा कायान र जिवाश विक्रम भट्टराईको जोडी फाइनलमा पुगे ।

प्रतियोगितामा यू-१२ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले जनही नगद रु १० हजार तथा उपबिजेताले जनही नगद रु ५ हजार सहित मेडल प्राप्त गर्नेछन् । यू-१४ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले समान जनही नगद रु १५ हजार, उपबिजेताले समान जनही नगद रु ७ हजार ५ सयसहित मेडल प्राप्त गर्नेछन् ।

यू-१६ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले समान जनही नगद रु २० हजार उपबिजेताले समान जनही नगद रु १० हजार तथा ब्वाईज तथा गर्ल्स ओपन डबल्सतर्फ बिजेताले समान जनही नगद रु २० हजार उपबिजेताले समान जनही नगद रु १० हजारसहित मेडल प्राप्त गर्नेछन् । प्रतियोगितामा पोखरा, बुटवल, काठमाण्डौ र चितवनका खेलाडीहरुको सहभागिता छ । प्रतियोगिता सम्पन्न गर्न करिव ४ लाख खर्च हुनेछ । प्रतियोगितालाई कुमार श्री मोहन बहादुर शाहीले मुख्य प्रायोजन गरेका छन् । उनले विगत तीन वर्ष देखि आफ्ना नाती-नातीनाको नाममा उक्त प्रतियोगितामा प्रायोजन गरेका हुन् ।

## बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको फुटसल प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखराले आफ्ना व्यवसायी बिच सातौ आन्तरिक फुटसल प्रतियोगिता आयोजना गरेको छ ।



पाँच टिम सहभागी रहेको फुटसल प्रतियोगितामा राजेश खाँडको टिम प्रथम हुदै नगद चौविस हजार सहित सिल्ड,मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो भने अकित श्रेष्ठको टिम द्धितीय हुदै नगद सोह्र हजार सहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो भने उत्कृष्ट खेलाडीको उपाधि सुमन तामाङले प्राप्त गरेका थिए । यस अघि कार्यक्रमको उद्वघाटन गर्दे प्रमुख अतिथि गण्डकी प्रदेशका सभासद प्रकाश बरालले व्यवसायी साथीहरूका विच आपसी भाइचाराको सम्वन्धले यस्ता कार्यक्रम आयोजना हुनाले व्यवसायी विच सुमुधुर सम्वन्ध हुने वताउदै बरालले व्यवसायीका समस्या समाधान गर्न आफु प्रतिवद्ध रहेको बताए । कार्यक्रममा नेपाली फुटबल महिला राष्ट्रिय टिमका प्रशिक्षक राजेन्द्र तामाङले नेपालमा फुटवल खेलको भविश्य उज्वल रहेको बताउदै आफुलाई बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले जुन सममान गरेको छ त्यस प्रति आभार व्यक्त गरेका थिए । बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा उच्च स्तरीय समन्वय समितीका संयोजक केशवबहादुर खत्रीले व्यवसायीका हक हितको लागि आफु सदैव लड्ने बताउदै व्यवसायी साथीहरुले पनि आफ्नो काम कर्तव्य केहो भनि कर्मथलोमा कार्य गर्न सुझाव दिएका थिए । बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्यालको सभापतित्वमा भएको कार्यक्रमको सन्चालन एशोसियसनका सचिव थमन गुरुङले गरेका थिए भने उपाध्यक्ष बुद्धि वहादुर कुवँरले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले प्रकाशन गरेको २०८१ सालको क्यालेयडर समेत विमोचन गरिएको थियो ।

## ज्ञानुको 'संवेदनाको समायोग' माथि पोखरामा चर्चा

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

साहित्यकार ज्ञानु अधिकारीको निबन्ध सङ्ग्रह 'संवेदनाको समायोग' को शनिवार पोखरामा चर्चा गरिएको छ ।



आयोजक र्‍यान्डम रिडर्स सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकार रीता अधिकारी 'ऋतु' ले ज्ञानुका निबन्धले विशेष गरी महिलाहरूलाई उत्प्रेरणा दिने धारणा राखिन् । "क्षमता भएर पनि गृहिणी मात्र भएर खुम्चिन विवश महिलाहरू जो आफूलाई कमजोर ठानेर निश्चित परिधिभित्रको सुखसयलका नाममा आफ्ना पखेटा आफैँले काट्दै सोसाइटीमा कम र सोसल मिडियामा बढी समय बिताएका छन्, तिनलाई उत्प्रेरणा जगाउने निबन्ध कृतिमा छन्", ऋतुले भनिन्, "नारीलाई आदर्शमा देवी बनाउने र यथार्थमा दासी बनाउने परम्परा र सामाजिक सोचप्रतिको रोचक कटाक्ष निबन्धमा प्रस्तुत गरिएको छ ।" नेपाली लेखक सङ्घ, कास्कीकी अध्यक्षसमेत रहेकी अधिकारीले विचार, दर्शन र अनुभूतिको त्रिकोणात्मक संवेदना अँगालेर वैचारिक चिन्तन, निजात्मक शैली, काव्यात्मक भाषा र आत्मपरक तथा संस्मरणात्मक शैलीमा लेखिएका निबन्धहरू पढ्दा ठाउँ ठाउँमा आख्यान पढिरहे झैँ लाग्ने भनाइ राखिन् । सङ्ग्रहमा ७ खण्डमा ३७ ओटा निबन्ध सङ्गृहीत छन् ।

निबन्धकार ज्ञानुले अग्रज निबन्धकारहरूको निबन्ध उच्च बौद्धिकताले थिचिँदा उत्पन्न भएको निरसताबाट मुक्त भएर आफूले निबन्ध लेख्ने प्रयास गरेको भनाइ राखिन् । "साहित्यकार व्यक्ति मात्र होइन समष्टि हो, साहित्यकारले आफ्नो व्यक्तिगत कुरा मात्र होइन, समग्र समाजको व्यथा र अवस्था लेख्ने गर्छ ।" निबन्धकार अधिकारीले भनिन्, "महिलालाई पितृसत्ताले अघि बढ्न बाधा उत्पन्न गरेको कुरालाई नकार्न सकिँदैन ।" निबन्ध सङ्ग्रहलाई आफूले आफ्नो परीक्षाका रूपमा समेत लिएका उनको भनाइ थियो । आफू निकै सचेत र इमानदार भएर निबन्ध लेख्ने प्रयास गरेको बताउँदै उनले निबन्धमा उल्लेख भएका 'अमुक' पात्रलाई निबन्ध सङ्ग्रह कुरियर गरेरै पठाइदिएको अनुभव सुनाइन् । पद्मकन्या क्याम्पसमा प्राध्यापनरत अधिकारी समालोचकका रूपमा बढी परिचित छिन् । यसअघि उनका करिब १ दर्जन समालोचनाका कृति प्रकाशित छन् । कार्यक्रममा सुरज पौडेल, हसिना बस्नेत, कृष्ण देवकोटा, डा. ईश्वरमणि अधिकारी, हिममाया पौडेललगायते टिप्पणी गरेका थिए । सचिव नेपालप्रकाश अधिकारीको सञ्चालनमा भएको कार्यक्रममा उपाध्यक्ष गौरी तमुले स्वागत गरेकी थिइन् । सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै पुस्तक वा विषयमाथि परिचर्चा गर्दै आएको छ । विश्व पुस्तक दिवसका अवसरमा आगामी वैशाख ११ गते पोखरामै पुस्तक आदानप्रदान कार्यक्रम आयोजना गरिने पुस्तक छनोट समितिका संयोजक केशवशरण लामिछानेले जानकारी दिए ।

## गल्याङ्मा तेस्रो महोत्सव हुने

पोखरापत्र संवाददाता
स्याङ्जा, २४ चैत

जिल्लाको तेस्रो व्यपारीक केन्द्र गल्याङ् नगरपालिकामा तेस्रो गल्याङ् महोत्सव हुने भएको छ । गल्याङ् उद्योग वाणिज्य संघको आयोजनामा चैत्र ३० गतेदेखी बैशाख ९ गतेसम्म तेस्रो गल्याङ् महोत्सव हुने भएको हो ।

उद्योग वाणिज्य संघले शनिवार पत्रकार सम्मेलन गरेर तेस्रो गल्याङ औद्योगिक व्यापार तथा कृषि महोत्सव आयोजना गर्न लागिएको आयोजकले जानकारी दिएका हुन् । 'गल्याङ महोत्सवको आधार कृषि, उद्योग, पर्यटन नै हाम्रो पुर्वाधार' भन्ने मुल नारा सहित संस्थाको स्थापनाको दिन पारेर महोत्सव आयोजना गरिएको संघका अध्यक्ष डोल प्रसाद श्रेष्ठ (ध्रुव) ले जानकारी दिए । गल्याङ्लाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा चिनाउन मात्रै नभएर यहाँ उत्पादन भएको कृषिको बजारीकरणमा यो महोत्सवले साथ दिने अपेक्षा आयोजकको रहेको अध्यक्ष श्रेष्ठले पत्रकार सम्मेलनमा जानकारी गराए । उक्त महोत्सवमा स्थानीय तथा स्वदेशी कृषि तथा औद्योगिक उत्पादनको प्रवर्धन एवम् संस्कृतिको जगेर्ना गर्न, खेलकुद क्षेत्रको संरक्षण र विभिन्न सांस्कृतिक कार्यक्रमहरुलाई विशिष्ट पहिचान बनाउने उदेश्यका साथ महोत्सव आयोजना गरिएको अध्यक्ष श्रेष्ठले बताए । महोत्सवलाई उत्कृष्ट महोत्सवको रुपमा स्थापित गर्न हर तवरले लागि पर्ने अध्यक्ष श्रेष्ठको भनाई छ ।

आयोजकले सेतीवेणी शिला, ताम्केकोट, जगत्रदेवी मन्दिर, कालीगण्डकी जलविद्युत परियोजना, आँधिखोला जलविद्युत परियोजना(वि.पि.सी.), आक्वा, उत्तरवाहिनी, रामनदीधाम, सिद्धगुफा, आलमदेवी मन्दिर, गह्रौं कालिका मन्दिर, अकलादेवी जस्ता धार्मिक क्षेत्रलाई प्रचारप्रसार गर्ने लक्ष्य लिएको जनाएको छ । धार्मिक तथा पर्यटकीय क्षेत्रको अध्ययन अवलोकन गर्न आउने आन्तरिक तथा बाह्रय पर्यटकका लागि घुम्ने व्यवस्था समेत मिलाइएको आयोजकले जनाएको छ । पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देलले महोत्सवहरुलाई अब पृथकता दिने तर्फ उद्योग वाणिज्य संघहरु लाग्नुपर्ने धारणा व्यक्त गरे । महोत्सवले आर्थिक चलायमान गरेपनि यहाँको आर्थिक विकासमा छुट्टै पहिचान महोत्सवमा बनाउन सकेमात्रै उदेश्य र लक्ष्यमा पुग्न सकिने अध्यक्ष सिग्देलले बताए । मेला महोत्सव मार्फत जिल्लालाई चिनाउन उद्योग वाणिज्य संघहरुले खेलेको भुमिकामा स्याङ्जाका पत्रकारहरुले साथ दिने प्रतिवद्धता व्यक्त गरे ।

महोत्सवले झण्डै डेढ करोडको कारोवार गर्ने लक्ष्य आयोजकले लिएका छन् । संघको आफ्नो कुनै जग्गा तथा भवन नभएकोले महोत्सवबाट आम्दानी भएको केही रकमबाट उचित स्थानमा जग्गा खरिद गरिने बताइएको छ । महोत्सवमा कृषि, पर्यटन, उद्योग व्यापार, शिक्षा, स्वास्थ्य क्षेत्रको प्रवर्द्धनमा टेवा पुर्‍याउनुका साथै यस क्षेत्रको संस्कृतिको जगेर्ना गर्दै आन्तरिक बजार सवलीकरणका लागि व्यवसायिक उत्पादन तथा निकासी योग्य वस्तुमा जोड दिने संस्थाका निवर्तमान अध्यक्ष यज्ञ प्रसाद अर्यालले पत्रकार सम्मेलनमा बताए । उनले कृषिजन्य लघु, घरेलु तथा साना उद्योगहरु प्रवर्द्धनका लागि आवश्यक ज्ञान, उद्यमशिलता र प्रविधी हस्तान्तरण गर्न, हस्तकलाका सामानहरु जनसमक्ष परिचित गराई व्यवसाय विस्तार एवं प्रवर्द्धनमा महोत्सवले सघाउने संघका संस्थापक अध्यक्ष लेखनाथ भट्टराईले बताए । महोत्सवमा कृषि प्रदर्शनी, शैक्षिक प्रदर्शनी, पशुपंक्षी प्रदर्शनी, जैविक विविधता प्रदर्शनी, गल्याङ डान्स आइडल प्रतियोगिता, खुला रत्यौली प्रतियोगिता, राष्ट्रिय ख्यातिप्राप्त कलाकारहरुको विषेश साँस्कृतिक प्रस्तुति, जिल्ला स्तरीय भलिबल प्रतियोगिता, विभिन्न जातजातिका सांस्कृतिक भेषभुषाहरुको प्रदर्शनी लगायत विभिन्न प्रदर्शनी एवम् प्रतियोगिताहरु हुने संस्थाकी महासचिव उमा श्रेष्ठले बताइन् ।

महोत्सवमा सुरक्षाको बिषय महत्वपुर्ण हुने भएकाले जिल्ला प्रहरी, शसस्त्र प्रहरी र आन्तरिक सुरक्षा संयन्यत्र परिचालन गरि सुरक्षित महोत्सवको आभास दिलाउने विश्वास महोत्सव सुरक्षा समितिका संयोजक तथा स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष महेन्द्र श्रेष्ठले बताए । महोत्सवलाई विद्युतीय, छापा र सामाजिक संजाल मार्फत प्रचार प्रसारमा अगाडी बढाउने गरी तयारी थालिएको संघका उपाध्यक्ष तथा संचार समन्वय उपसमितिका संयोजक बिष्णु अधिकारीले बताए । महोत्सव तल्लो गल्याङ्मा निर्माण गर्न लागिएको मैदानमा गरिएने आयोजकले जनाएको छ ।

## १२ औं राष्ट्रिय हेमजा आलु महोत्सवको तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

१२ औं राष्ट्रिय हेमजा आलु महोत्सव-२०८० को तयारी पुरा भएको छ । आइतबारदेखि सुरु हुने महोत्सवको तयारी पूरा भएको आयोजक विष्णुपादुका क्लवले जनाइएको छ ।

महोत्सवको उद्घाटन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गर्ने कार्यक्रम रहेको छ । सोही अवसरमा क्लबको बहुउद्देश्यीय भवन शिलान्यास गरिने छ । कार्यक्रम उद्घाटन पुर्व हेमजाको माइ स्थानबाट शोभा यात्रा सहित झाँकी र्‍याली प्रदर्शन गरिनेछ । झाँकी र्‍याली माइ स्थानदेखि मिलनचोक हुदै महोत्सव स्थल पुग्ने छ ।

प्रतिकिलो ४० रुपैयाँमा आलुको कारोवार गरिने महोत्सव मुल आयोजक समितिका संयोजक सुबिन श्रेष्ठले जानकारी दिनुभयो । सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाउँ आलु एक परिकार अनेक' भन्ने मूल नारका साथ महोत्सव गर्न लागिएको हो । हेमजालाई व्यवसायिक कृषि क्षेत्रको रुपमा देश विदेशमा चिनाउदै उत्पादक र उपभोक्ताबीचको प्रत्यक्ष सम्पर्क स्थापित गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो।

महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, कृषि विज्ञ र किसानबीच अन्तर्क्रिया, विभिन्न कृषि उपज, बिउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार, रत्यौली गीत प्रतियोगिता, हास्य व्यङ्ग्य एवम् लाइभ पप कन्सर्ट लगायत रहनेछन् । महोत्सवमा प्रवेशका लागि साधारण ८० तथा विद्यार्थीलाई ५० रुपैयाँमा टिकटको व्यवस्थापन गरिएको छ । महोत्सव सम्पन्न गर्नका लागि करिव ४८ लाख १० हजार खर्च लाग्ने र ४९ लाख ४० हजार आम्दानी हुने अनुमान गरिएको छ । हेमजाको कुल १२ हजार ५ सय हेक्टरमध्ये ५ सय ९० हेक्टरमा आलु खेती गरिँदै आइएको छ । जसअन्तर्गत त्यहाँका ५ सय ४० घरपरिवार किसान व्यावसायिक रुपमा आलुखेतीमा आबद्ध छन् ।यस वर्षको महोत्वव अन्तर्गत हेमजामा करिव ८० टन आलुको कारोवार हुने आयोजकको अपेक्षा छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ कुँडहरमा कमल पोखरी पैदल मार्ग निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः कमल पोखरी पैदल मार्ग निर्माण
ठेगानाः पोखरा-१३, कुँडहर
योजना शुरु हुने मितिः २०८०/११/०९ गते
योजना सम्पन्न हुने मितिः २०८१/०१/३० गते
योजनाको कुल लागतः रु. १०,००,०००/-
महानगरपालिकाबाटः रु. १०,००,०००/-
अध्यक्षः केश बहादुर वि.क. सम्पर्क नं.: ९८१६६१२८०९
निर्माण समिति सदस्य संख्याः ७
महिलाः २, पुरुषः ५

**कमल पोखरी पैदल मार्ग निर्माण उपभोक्ता समिति**
**पोखरा-१३, कुँडहर**